# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०८।०८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

करदाता सेवा कार्यालय इलामको कर्मचारी बताउने मोहनलाल ढकालले फर्मको स्थायी लेखा नम्बर (PAN) लिनका लागि दर्ता प्रक्रिया मिलाइदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज मोहनलाल ढकाललाई सेवाग्राहीबाट रु. १०,०००।- (दश हजार) घुस/रिसवत बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा निज मोहनलाल ढकालले सेवाग्राहीसँग फर्मको स्थायी लेखा नम्बर (PAN) लिनका लागि दर्ता प्रक्रिया मिलाइदिने भनी रु. १०,०००।— घुस/रिसवत लिएको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्य भएको हुँदा निज मोहनलाल ढकाललाई बिगो रु. १०,०००।— (दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी